# नेपाल सरकार
## गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय, प्युठानबाट प्रकाशित

आ.व. २०८२/०८३ को

वार्षिक प्रतिवेदन



१. **कार्यालयको स्थापनाः**

जिल्ला प्रशासन कार्यालयको स्थापना वि.स.१९५९ सा ३५ जिल्लामा जिल्ला कार्यालय स्थापना हुँदा प्युठान जिल्लामा पनि स्थापना भएको। त्यस समयमा काठमाण्डौ, पाल्पा, डोटी र धनकुटा "क" वर्गका जिल्ला कार्यालय थिए भने प्युठान लगायत बाँकि जिल्ला कार्यालय "ख"वर्गमा वर्गीकरण गरेको देखिन्छ।

जिल्ला प्रशासन कार्यालयमा उपलब्ध अभिलेखवाट प्युठानमा पहिलो प्रमुख जिल्ला अधिकारीको रुपमा आत्मराम पौडेलज्यूले मिति २०२७ सालबाट कार्यप्रारम्भ गर्नुभएको अभिलेखबाट देखिन्छ।

२. **अवस्थिति**

प्युठान जिल्ला नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रहेका पहाडी जिल्लाहरु मध्ये एक हो। यस जिल्लाको पूर्वमा अर्घाखाँची र गुल्मी, पश्चिममा रोल्पा र दाङ, उत्तरमा वाग्लुङ र रोल्पा, दक्षिणमा अर्घाखाँची र दाङ जिल्ला रहेका छन्।

समुन्द्र सतहबाट ३०५ मिटर देखि ३६५९ मिटर सम्मको उचाइमा पहाड, पर्वत, टार, बेशी आदि रहेको यो जिल्लामा शित र समशितोष्ण हावापानी पाइन्छ। विश्वमानचित्रमा प्युठान जिल्ला २७ डिग्री ५२ मिनेट देखि २८ डिग्री २१ मिनेट उत्तरी अक्षांश र ८२ डिग्री ३६ मिनेट देखि ८३ डिग्री ३६ मिनेट पूर्वी देशान्तरमा अवस्थित छ। यस जिल्लाको तापक्रम न्यूनतम ११.८ डिग्री र अधिकतम ३३.५० डिग्री सेल्सीयस पाइन्छ भने वार्षिक सरदर १३०० मी.लि. वर्षा हुने गर्दछ। यस जिल्लाको कुल क्षेत्रफल १३०९ वर्ग कि.मी. रहेको छ। यस जिल्लाको दक्षिणी भाग चौडा र पूर्वी तथा पश्चिमी भागबाट साँघुरिदै गएर उत्तरतर्फ झन् साँघुरिएको छ।

प्युठान शव्दको उत्पतिबारे मतैक्यता पाइँदैन। कर्कपेटिकले प्रार्थना शव्दबाट अपभ्रस हुँदै प्युठान भएको उल्लेख गरेका छन् भने योगी नरहरिनाथले प्लुथानबाट प्युठान रहन गएको बताएका छन्। सुरक्षा सम्बन्धी शब्द पिउठ् बस्ने ठाना भएकाले पिउठाना अपभ्रंस भई पिउठान् नाम रहन गएको थियो भन्ने तर्क आमरुपमा बलियो रहेको छ। जिल्ला प्रशासन कार्यालय प्युठान जिल्लाको मल्लरानी गाउँपालिका वडा नं. ४, खलंगामा अवस्थित रहेको छ।

३. **आ.व. २०८२/०८३ मा जिल्ला प्रशासन कार्यालय र ईलाका प्रशासन कार्यालयबाट सम्पादन गरिएका कार्यहरुको विवरण**

**क. प्रशासनिक कार्य सम्पादनको विवरणः**

| सि.नं. | कार्यको विवरण | भएको (संख्या) |
|---|---|---|
| १ | संस्था दर्ता/नविकरण | ०६/४२ |
| २ | नाबालक परिचयपत्र | १०५ |
| ३ | ठाडो उजुरी | दर्ताः १९, फछ्यौंटः १७, बाँकीः २ |
| ६ | आदिवासी/जनजाति, दलित सिफारिस तथा नामथर फरक परेको लगायत अन्य सिफारिस | २००२ |
| ७ | हातहतियार तथा गोला वारुद संचालन ईजाजतपत्र तथा नविकरण | |
| ८ | हातहतियार नामसारी/नविकरण | १/८५ |
| ९ | भूतपूर्व सैनिक पेन्सन सिफारिस | २४५ |

ख. नागरिकता सम्बन्धी विवरणः

| सि.नं | कार्यको विवरण | भएको (संख्या) |
|---|---|---|
| १ | वंशजको आधारमा नयाँ नागरिकता जारी | ८९३८ |
| २ | प्रतिलिपि नागरिकता जारी | ५८६८ |
| ३ | वैवाहिक अंङ्गीकृत नागरिकता जारी | ३ |
| ४. | आमाको नामबाट नागरिकता जारी | ४ |

ग. राहदानी र राष्ट्रिय परिचयपत्र सम्बन्धी विवरणः

| सि.नं. | कार्यको विवरण | भएको (संख्या) |
|---|---|---|
| १ | साधारण सिफारिस | ४५७४ |
| २ | द्रुत सेवा | ० |
| ३ | राहदानी वितरण | ४६८६ |
| ४ | राष्ट्रिय परिचयपत्र दर्ता | २२८०९ |
| ५ | राष्ट्रिय परिचयपत्र वितरण | १७५१ |
| ६ | राष्ट्रिय परिचयपत्र विवरण संशोधन | ७६५ |

घ. मुद्दा दर्ता तथा फछ्र्यौटको विवरणः

| सि.नं. | मुद्दाको विवरण | आ.व. २०८२/०८३ मा दर्ता भएका | गत आर्थिक वर्षबाट जिम्मेवारी सरी आएको | कुल जम्मा संख्या | आ.व. २०८२/०८३ फछ्र्यौट भएको संख्या | फैसला हुन बाँकी |
|---|---|---|---|---|---|---|
| १ | सवारी क्षतिपूर्ति | २ | २ | ४ | ३ | १ |
| २ | अभद्र व्यवहार | १६ | ० | १६ | १५ | १ |
| ३ | जुवा सम्बन्धी मुद्दा | १ | ० | १ | ० | १ |
| ४. | कालो बजारी | | | | | |
| ५. | सार्वजनिक स्थानमा यौनाङ्ग देखाउन नहुने कसूर | १ | ० | १ | १ | ० |
| ६. | सार्वजनिक शान्ति विरुद्धको कसूर | १ | ० | १ | १ | ० |
| ७. | पशुपन्छी सम्बन्धी कसूर | १ | ० | १ | १ | ० |
| जम्मा | | २२ | २ | २४ | २१ | ३ |

ङ. कार्यालय अनुगमनः

| सि.नं. | कार्यको विवरण | मिति २०८२/०४/०१ देखि २०८३ असार |
|---|---|---|
| १ | जिल्लास्थित विभिन्न सरकारी कार्यालयको अनुगमन | विभिन्न कार्यालयमा ४ पटक |
| २ | कारागार कार्यालयको निरीक्षण | ३ पटक |
| ३. | जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी आश्रीत गुल्म, विजुवार र जिल्ला स्थित ईलाका | आवश्यकतानुसार गरिएको |
| ४ | बजार अनुगमन | १२ पटक |

च. विपद् राहत तथा उद्दारमा भएको खर्च विवरण

| सि.नं. | विपद् पिडितलाई राहत वितरण | आ.व. २०८२/०८३ मा वितरण भएको राहत रकम |
|---|---|---|
| १ | कार्यालयबाट | |
| २ | प्रदेश सरकारबाट | १,००,०००/- |

छ. राजस्व आम्दानीको विवरणः

| सि. | कार्यको विवरण | आ.व. २०८२/०८३ को राजस्व आम्दानी |
|---|---|---|
| १ | राहदानीबाट | २,४१,६६,५०६/- |
| २ | अन्य आय | ३,३९,३२३/- |
| जम्मा | | २,४५,०५,८२९/- |

ज. विनियोजित बजेट एवं खर्चको अवस्थाः

| सि.नं. | शीर्षक | कुल विनियोजित बजेट | कुल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | पूँजीगत कुल | रु.२१,०३,०००/- | रु.२०,७३,७५८/- | ९८.६१ |
| २ | चालुतर्फ कुल | रु. १,८७,४९,२८२/- | रु.१,७८,७०,७०२।३४ | ९५.३१ |

४. जिल्ला प्रशासन कार्यालयबाट सुशासन/सार्वजनिका सेवा प्रवाहका सम्बन्धमा भएका मुख्य-मुख्य प्रयासहरुः

क) शान्ति सुरक्षा र अमनचैन सम्बन्धी कार्यः-

- सुरक्षाकर्मीहरुको परिचालन गरी गैरकानूनी क्रियाकलापहरु निस्तेज पारी कानुन बमोजिम कारबाही गरिएको र सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त तथा प्रभावकारी बनाईएको छ।
- जिल्लामा शान्ति सुरक्षा कायम गर्न सुरक्षाका सबै निकायहरुले सूचना संकलन, विश्लेषण गरी गस्ती, पट्रोलिङ, LRP तथा Joint Operation लगायतका सुरक्षा कारवाही गरी सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त बनाईएको छ।
- सुरक्षा समितिको नियमित तथा आवश्यकता अनुसार विभिन्न बैठकहरु सम्पन्न गरि भएका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ।
- प्रमुख जिल्ला अधिकारीबाट जिल्लाका विभिन्न क्षेत्रमा रहेका सुरक्षा निकायहरुको निरीक्षण, अनुगमन तथा निर्देशन गरिएको।

ख) विपद् व्यवस्थापन सम्बन्धी कार्यहरुः-

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी विभिन्न निर्णयहरु भएको र उक्त निर्णयहरु कार्यान्वयनका लागि सरोकारवाला सबैसँग समन्वय र सहजीकरण गरिएको।
- जिल्लास्थित सबै स्थानीय तहहरुले विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता राखी स्थानीय विपद् व्यवस्थापन समितिलाई थप क्रियाशिल बनाई नजिकको सुरक्षा निकायसँग समन्वय गरेर विपद्का सभाव्य घटनाहरुको न्यूनीकरण गर्न पहल गर्ने गरिएको।
- जाडो मौसमको समयमा हुन सक्ने हिमपात र शितलहरबाट बच्न स्थानीय तह लगायत सरोकारवाला निकायले समन्वय गरी कार्य गरिएको।
- जिल्ला विपद् सहायता कक्ष तथा स्थानीय विपद् सहायता कक्षको स्थापना गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिएको।
- बर्द बहादुर गणको नेतृत्वमा जिल्लास्थित अन्य सुरक्षा निकाय, जिल्ला रेडक्रस सोसाईटी तथा माण्डवी गाँउपालिकासँगको समयन्वयमा प्युठान जिल्लामा बर्षायाममा घट्न सक्ने विपद् सम्बन्धी घटनालाई समावेश गरी संयुक्त रुपमा Simulation Exercise तथा वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको।
- जिल्ला विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३ स्वीकृत गरी कार्यान्वयन गरिएको।
- यो अवधिमा जिल्ला विपद् व्यवस्थापन समितिको ४ वटा बैठक बसी भएका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिएको।

ग) सुशासन सम्बन्धी कार्यहरु

- जिल्लामा विकास निर्माणका कार्यहरु गर्ने कार्यालयहरु तथा स्थानीय तहसँगको समन्वय गरी विकास निर्माणका कार्यहरुलाई सुचारु रुपले समयमै सम्पन्न गर्न विकास निर्माणसँग सम्बन्धीत सरोकारवाला निकायहरुवीचको समन्वय बैठक गरिएको
- कार्यालयका कर्मचारीहरुको नियमित स्टाफ बैठक बसी सेवा प्रबाहलाई छिटो, छरितो, सरल, सहज, प्रभावकारी, नागरिकमैत्री बनाउने लगायतका निर्णयहरु गरी सोको कार्यान्वयन गर्ने गरिएको।
- जिल्लास्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरुको नियमित बैठक बसी आइपरेका समस्याहरुको बारेमा छलफल तथा सहजिकरण गरिएको।
- जिल्लास्तरीय अनुगमन तथा मूल्याँकन समितिको बैठक बसी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउदै चाडपर्वको समयमा कार्यालयहरुमा पालोपहरा मिलाइएको।
- सरकारी कार्यालयको सवारी साधन सार्वजनिक विदा र जिल्ला वाहिर लैजादा दुरुपयोग हुने सम्भावनालाई मध्यनजर गरी सवारी पासका आधारमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको।
- संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयहरुले पुँजीगत खर्च बढ्ने गरी आयोजना तथा कार्यक्रमहरु प्राथमिकताका साथ प्रभावकारी ढंगले समयमनै सम्पन्न हुने गरी सञ्चालन गर्ने व्यवस्था गरिएको।
- सबै तहका सरकारका कार्यालयहरुको निरीक्षण गरी सुशासन र पारदर्शिता कायम गर्ने कार्यालाई उच्च प्राथमिकता दिइएको।
- सूचनाको हक सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- लैङ्गिग हिंसाका सम्बन्धमा सरोकार राख्ने निकायहरु सँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- जिल्लाका मुख्य बजार क्षेत्रहरुमा बजार अनुगमन प्रभावकारी रुपमा सम्पन्न गरिएको।
- जिल्ला दररेट समितिको बैठक बसी आ.व. २०८३/०८४ का लागि ज्यालादर र निर्माण सामाग्रीको दररेट स्वीकृत गरिएको र जिल्लाको आ.व. २०८३/०८४ का लागि जग्गा मूल्यांकन तथा मूल्य निर्धारण सम्बन्धमा बैठकबाट मूल्य निर्धारण गरिएको।
- संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयहरुले स्थानीय स्तरमा गरेका अनुदानका कार्यक्रमको स्थलगत अनुगमन गरिएको।

घ) अन्य कार्यहरु

- जिल्लामा सञ्चालन हुने बिकास निर्माणका कार्यहरुको अनुगमन गरी समयमै सम्पन्न गर्न पहल गरिएको।

- कार्यालय सौन्दर्य अन्तरगत कार्यालय परिसरको वृक्षरोपण, खानेपानी, स्तनपान कक्ष, प्रतिक्षा कक्ष, विम सहित फलामको कुर्सीको व्यवस्था तथा कार्यालय भवनको वरान्डामा मार्वल राखिएको।

## ५. जिल्ला प्रशासन कार्यालयको दरबन्दी संरचना

| सि.नं. | पदको नाम/दर्जा | श्रेणी/तह | सेवा | समूह | कायम भएको पद संख्या | पुर्ति भएको पद | रिक्त रहेको पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | ने.प्र. | सा.प्र. | १ | १ | ० | |
| २. | स. प्रमुख जिल्ला अधिकारी | रा.प.द्बितीय | ने.प्र. | सा.प्र. | १ | - | १ | |
| ३. | प्रशासकीय अधिकृत | रा.प.तृतीय | ने.प्र. | सा.प्र. | २ | २ | ० | |
| ४. | नायब सुब्बा | रा.प.अनं प्रथम | ने.प्र. | सा.प्र. | ५ | ५ | ० | |
| ५. | लेखापाल | रा.प.अनं प्रथम | ने.प्र. | लेखा | १ | ० | १ | |
| ६. | कम्प्युटर अपरेटर | रा.प.अनं प्रथम | ने.वि. | | २ | २ | ० | |
| ७. | खरिदार | रा.प.अनं द्बितीय | ने.प्र. | सा.प्र. | ३ | २ | १ | |
| ८. | हलुका सवारी चालक | श्रेणी विहीन | | | १ | १ | ० | करार |
| ९. | कार्यालय सहयोगी | श्रेणी विहीन | | | ६ | ६ | ० | करार |

## ६. कार्यालय अन्तर्गत रहेको ईलाका प्रशासन कार्यालय

नामः ईलाका प्रशासन कार्यालय, जस्पुर, प्युठान।
स्थापनाः २०७३ जेठ १४ गते
अवस्थितिः माण्डवी गाउँपालिका वडा नं. ३ जस्पुर, प्युठान।

दरबन्दी संरचना

| सि.नं. | पदको नाम/दर्जा | श्रेणी/तह | सेवा | समूह | कायम भएको पद संख्या | पुर्ति भएको पद | रिक्त रहेको पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १ | ० | १ | |
| २. | ना.सु. | रा.प.अनं प्रथम | प्रशासन | सा.प्र. | ३ | ३ | | |
| ३. | कम्प्यूटर अपरेटर | रा.प.अनं प्रथम | विविध | | १ | ० | १ | |
| ४. | स.ले.पा. | रा.प.अनं द्बितीय | प्रशासन | लेखा | १ | १ | ० | |
| ५. | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | २ | २ | ० | करारमा नियुक्त गरिएको। |